बैठक नं.८९

आज मिति २०७८/०७/१२ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो १:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हिम बहादुर खत्री | सदस्य | |
| २१ | डिल प्रसाद नेपाली | सदस्य | |
| २२ | रन्जित शेरचन | सदस्य | |
| २३ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २४ | बिमला श्रेष्ठ | सदस्य | |
| २५ | सिता कुमारी थापा | सदस्य | |
| २६ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २७ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २८ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |

सुमित्रा गाहा - का.वा. वडाध्यक्ष - १८ - सुमित्रा

प्रस्ताव नं.८९.१
गत बैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा ।
निर्णय नं.८९.१

- मिति २०७८।५।२८ मा बसेको बैठकको निर्णय नं.८७.१ मा बुटवल उपमहानगरपालिकाको गौसंरक्षण केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८, निर्णय नं.८७.२ मा बुटवल उपमहानगरपालिकाको बशुवधशाला संचालन र व्यवस्थापन निर्देशिका, २०७८ र निर्णय नं.८७.६.१ विविधमा श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम संचालन निर्देशिका, २०७८ र टेवुल भएको । कार्यविधि र निर्देशिकाहरु माथि आज दफावार छलफल गरी स्वीकृत गर्ने क्रममा रहेको ।
- मिति २०७८।५।२८ को बैठकको निर्णय नं.८७.३ बाट लुम्बिनी बस टर्मिनल शपिङ्ग कम्प्लेक्स भित्रका कोठा नं.३७ र ५१ को पुनः सूचना गर्ने निर्णय भएको र उक्त सटरहरु बहाल बन्दोवस्तमा जानका लागि टेण्डर स्वीकृत भई सम्झौता हुन बाँकी रहेको ।
- उल्लेखित मितिको निर्णय नं.८७.४ मा करदाताको माग बमोजिम वैकिङ्ग/वैदेशिक प्रयोजनका लागि सम्झौताको आधारमा कम्तीमा ३ महिनाको बहाल कर असुली गर्ने व्यवस्था मिलाउने निर्णय भई कार्यान्वयनमा रहेको ।
- निर्णय नं. ८७.५ मा बुटवल-१६ स्थित वैठौलिया कपरकट्टी ताल प्रतिस्पर्धात्मक विधिबाट ५ बर्षका लागि आय व्यवस्थापन गर्ने गरी न्यूनतम ठेक्का अंक कायम गर्ने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- उल्लेखित मितिको निर्णय नं.८७.६.२ मा विद्यार्थीहरुको भौतिक उपस्थितिमा २०७८।६।४ देखि कक्षा संचालनका लागि अनुमति प्रदान हुन DCCMC मा सिफारिस गर्ने निर्णय भएको । सोही अनुरुप शुभ दिपावली २०७८ पश्चात भौतिक उपस्थितिमै कक्षा संचालन हुने क्रममा रहेको छ ।
- उल्लेखित मितिको निर्णय नं.८७.६.३ मा उपमहानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको पहिचान झल्किने गरी नगर गितको रचना गर्नका लागि आवश्यक प्रकिया अगाडि बढाउने निर्णय भएको ।
- उल्लेखित मितिको निर्णय नं. ८७.६.४ मा बुटवल उपमहानगरपालिका वडा नं.४ जेसिस चोक स्थित सिद्धार्थ राजमार्ग मोहडामा पर्ने पुरानो शोभा वोर्डिङ्ग स्कुल रहेको सार्वजनिक जग्गालाई के कसरी सार्वजनिक उपभोगमा ल्याउदा प्रभावकारी हुन्छ भन्ने सम्बन्धमा वडा नं.४ का वडाध्यक्ष श्री टंक प्रसाद पराजुलीको अध्यक्षतामा गठित अध्ययन कार्यदलबाट प्रस्तुत प्रतिवेदन माथि छलफल भएको । प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरु कार्यान्वयन गर्दै उक्त जग्गा सार्वजनिक उपयोगमा ल्याउने प्रकिया अगाडि बढाउने निर्णय भएको र सो सम्बन्धमा आवश्यक पहल भई रहेको ।

- मिति २०७८।५।२८ मा बसेको बैठकको निर्णय नं.८७.६.५ मा मतदाता नामावली नाम समावेश गर्ने प्रयोजनका लागि बसोवास सिफारिस गर्दा शुल्क रु.३००।- लिने गरी निर्णय भएको र बुटवल-३ स्थित चुरे पहाडबाट पहिरो आई बस्तीमा क्षति पुऱ्याएको हुँदा पहिरो पीडित स्थानीय वासिन्दाहरुको सुरक्षाका लागि उद्धार कार्यमा खर्च भएको रकम अनुमोदन गरिएको ।
- मिति २०७८।५।२८ मा बसेको बैठकको निर्णय नं. ८७.६.७ मा सार्वजनिक निजी साझेदारीमा पशु बधशाला संचालन व्यवस्थापनको लागि खरिद प्रकिया प्रारम्भ गर्ने निर्णय भएकोले सोही बमोजिम सूचना प्रकाशित समेत भई प्रकिया अगाडि बढेको ।
- उल्लेखित मितिमा बसेको वैठकको निर्णय नं.८७.६.८ मा आ.व.०७७।०७८ को आय र व्ययको विवरण समेत जानकारी भएको ।
- मिति २०७८।६।४ मा बसेको कार्यपालिकाको ८८ औं बैठकको निर्णय नं.८८.१ मा चुरे क्षेत्र र तिनाउ, दानव लगायतका खोला खोल्सीहरुमा बाढी एवं पहिरो आई क्षति पुऱ्याएको हुँदा विपद्मा परेका नागरिकहरुको राहत, उद्धार र पुर्नस्थापनाको कार्यमा थप सकिय हुन आम नगरवासीहरुमा अनुरोध गरिएको । निर्णय नं.८८.२.१ मा उल्लेखित पृष्ठभुमिको प्राकृतिक प्रकोपमा परेका नागरिकहरुलाई भेट्ने, पिरमर्का बुझ्ने र स्थलगत अध्ययन गर्ने सिलसिलामा सम्बन्धित जोखिम स्थानमा जाने क्रममा केही उच्छृङ्खल कृयाकलापमा संलग्न व्यक्तिहरुले प्रमुखज्यू माथि सांघातिक आक्रमण गर्ने कुचेष्टा गरेको हुँदा उक्त घटनाको खेद प्रकट गर्दै उक्त घटनाको निन्दा गरिएको ।
- उल्लेखित मितिको निर्णय नं.८८.२.२ मा बुटवल-३ ज्योतिनगरस्थित चुरे पहाड माथिबाट पहिरोले बगाएर बस्तीमा ल्याएको ढुंगा, माटो हटाउनका लागि हेभी उपकरण प्रयोग गर्दा भएको खर्च अनुमोदन गरिएको र निर्णय नं.८८.२.३ मा उल्लेखित पहिरो पीडित क्षेत्रमा उद्धार गर्ने कार्यमा न.पा. को स्रोत मात्र पर्याप्त नहुने भई रु.४५,०५६०४।५१ लुम्बिनी प्रदेश सरकारसँग सोधभर्ना माग गर्ने गरी अनुरोध गरिएको ।

**प्रस्ताव नं.८९.२**

गौसंरक्षण केन्द्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७८ स्वीकृत सम्वन्धमा ।

**निर्णय नं.८९.२**

मिति २०७८।५।२८ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.८७.१ अन्तर्गत टेवुल भएको गौसंरक्षण केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८ माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयवस्तुहरुलाई समेत तत् तत् बुँदाहरुमा समावेश गरिएको हुँदा गौसंरक्षण केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.३**

बुटवल उपमहानगरपालिकाको पशुवधशाला संचालन र व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय नं.८९.३
मिति २०७८।५।२८ मा बसेको नगरकार्यपालिकाको वैठकको निर्णय नं. ८७.२ अन्तर्गत टेवुल भएको पशुवधशाला संचालन र व्यवस्थापन निर्देशिका, २०७८ माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयवस्तुहरुलाई समेत तत् तत. बुँदाहरुमा समावेश गरिएको हुँदा बुटवल उपमहानगरपालिकाको पशुवधशाला सन्चालन र व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८९.४
बुटवल उपमहानगरपालिकाको श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम संचालन निर्देशिका, २०७८ स्वीकृत सम्वन्धमा ।

निर्णय नं.८९.४
मिति २०७८।५।२८ मा बसेको नगरकार्यपालिका वैठकको निर्णय नं.८७.६.१ अन्तर्गत टेवुल भएको बुटवल उपमहानगरपालिकाको श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम संचालन निर्देशिका, २०७८ माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयवस्तुहरुलाई समेत तत तत् बुँदाहरुमा समावेश गरिएको हुँदा श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम संचालन निर्देशिका, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८९.५
बुटवल उपमहानगरपालिकाको युवा विकास समिति संचालन कार्यविधि, २०७८ स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय नं.८९.५
बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको युवा विकास समिति संचालन कार्यविधि, २०७८ माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयवस्तुहरुलाई समेत तत् तत् बुँदाहरुमा समावेश गरिएको हुँदा युवा विकास समिति संचालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८९.६
वडा नं.२ मा आधारभुत स्वास्थ्य केन्द्रको स्थापना तथा संचालन सम्वन्धमा ।

निर्णय नं.८९.६
बुटवल उपमहानगरपालिका वडा नं.२ मा स्वास्थ्य क्लिनिकको आवश्यकता भएको हुँदा उक्त वडामा आधारभुत स्वास्थ्य क्लिमिकको स्थापना गर्ने र हालको मौजुदा जनशक्तिबाटै उक्त क्लिनिकको संचालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८९.७
खुला मन्च निर्माणका लागि बहुबर्षिय ठेक्का प्रकिया स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय नं.८९.७
बुटवल उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक प्रकोपको जोखिमको समयमा आश्रयस्थल र सार्वजनिक सभा समारोह सन्चालनका लागि समेत स्थानको अभाव भएको हुँदा बुटवल

उपमहानगरपालिका वडा नं.११ देवीनगरस्थित एन्फा एकेडेमी देखि उत्तर वडा कार्यालय ११ देखि दक्षिण हाल ड्राइभिङ्ग ट्रायल सेन्टर रहेको जग्गा समेत कभर हुने गरी सार्वजनिक जग्गालाई उल्लेखित प्रयोजनका लागि उपयोगमा ल्याउन आवश्यक भएको र सो कार्यका लागि केही बजेट समेत स्वीकृत भएको हुँदा सो क्षेत्रमा खुला मन्च निर्माणका लागि बहुबर्षिय ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.८**

फोहरमैला व्यवस्थापन गर्ने (वडा नं.१-६) संस्थाको म्याद थप सम्वन्धमा ।

**निर्णय नं.८९.८**

बुटवल उपमहानगरपालिका कार्यालय र वातावरणीय सुन्दर नेपाल प्रा.लि. बुटवलका वीच बुटवल उपमहानगरपालिका वडा नं.१ देखि ६ (साविक १-८) सम्मका सम्पूर्ण घरहरु, कार्यालयहरु, बिभिन्न पसल, उद्योग, पेशा व्यवसायहरुबाट उत्पादन हुने साधारण फोहर संकलन, ढुवानी, बिसर्जन व्यवस्थापन सम्बन्धी कार्यहरु २०७३।०८।१६ देखि २०७८।०८।१५ सम्म ५ बर्षसम्म गर्ने/गराउने गरी २०७३।०८।०८ को करार सम्झौता बमोजिम कार्य भैरहेकोमा सम्झौताको अवधि पुरा हुन गैरहेको र यसै अवधिमा आईपरेको COVID-19 को महामारीको जोखिमपूर्ण अवस्थामा सबै क्षेत्रले प्रतिकुलता ब्यहोर्नु परेको अवस्थामा समेत सरसफाई तथा फोहर व्यवस्थापन कार्य निरन्तर गरिएको तर सेवा शुल्क उठाउन असहज भै मर्का परेको ब्यहोरा दर्शाई साझेदार प्रा.लि. ले मिति २०७८।०५।२८ को निवेदनबाट एक कार्यकालका लागि समयावधि थप गरिदिन प्रस्ताव गरेको विषयमा बैठकमा छलफल गरिदा उक्त प्रा.लि. ले छिमेकी पालिकाहरुमा समेत तत् सम्बन्धी कार्यहरु गर्दै आईरहेको । प्रा.लि. सँग साधन स्रोत र जनशक्तिको पर्याप्त व्यवस्था भएका कारण समय समयमा आई पर्ने समस्या एवं कठिनाईहरुको व्यवस्थापनमा समेत सहायक भई सहकार्य हुन सक्ने आधार देखिएको र हालसम्मको कार्य समेत सन्तोषजनक रहेकोले उल्लेखित पृष्ठभुमिलाई मध्यनजर गरी सैनामैना न.पा. भित्र निर्माणाधिन ल्याण्डफिल साईड सम्पन्न भएका बखत सम्झौतामा पुनरावलोकन हुने गरी हाललाई साविक सम्झौताका मौजुदा शर्त प्रावधानहरु बमोजिम नै हुने गरी उल्लेखित पृष्ठभुमिलाई मध्यनजर गरी ५(पाँच) बर्षका लागि करार सम्झौताको समयावधि थप गरी निरन्तरता दिने निर्णय गरियो

**प्रस्ताव नं.८९.९**

राष्ट्रिय लोकदोहोरी प्रतिष्ठानको भवन निर्माणका लागि सहयोग सम्वन्धमा ।

**निर्णय नं.८९.९**

राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान लुम्बिनी प्रदेशको भवन निर्माण हुन लागेको र लोकसंस्कृतिको जगेर्ना गर्नु यस नगरको समेत दायित्व भएको हुँदा उक्त प्रतिष्ठानको भवन निर्माण प्रयोजनका लागि पूजीगत भैपरी शीर्षकबाट रु.२ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१०**

आम्दा अस्पतालमा अक्सिजन प्लान्ट पाइपलाईन जडान र आमा सुरक्षा कार्यक्रम संचालन सम्वन्धमा ।

निर्णय नं.८९.१०
बुटवल उपमहानगरपालिका वडा नं.७ दिपनगर स्थित सिद्धार्थ बाल तथा महिला अस्पतालमा अक्सिजन प्लाण्टको स्थापनाका लागि पाइपलाईन जडान र आमा सुरक्षा कार्यक्रम संचालन गर्न आवश्यक भएको हुँदा उक्त कार्यका लागि स्वीकृत बजेट १ करोड मध्येबाट हाललाई रु.१० लाख उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.८९.११
नयागाउँ मा.वि.को कक्षा ११ र १२ मा कानून समुहका विषय थप सम्बन्धमा ।

निर्णय नं.८९.११
बुटवल उपमहानगरपालिका वडा नं.१२ नयाँगाउँ स्थित नयागाउँ माध्यमिक विद्यालयले कक्षा ११ र १२ मा कानून समूहका विषय थप गर्नका लागि अनुमति माग गरेको हुँदा मिति २०७८।६।१९ को नगर शिक्षा समितिको सिफारिस बमोजिम उक्त विद्यालयलाई कक्षा ११ मा कानून समूहका विषय थप गरी अध्ययन अध्यापन गर्न अनुमति दिने निर्णय गरियो ।

प्रस्ताव नं.८९.१२
कार्यालय सहयोगीहरुको स्तरवृद्धि सम्वन्धमा ।

निर्णय नं.८९.१२
यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको कार्यालय सहयोगी पदमा देहायको मितिमा स्थायी नियुक्ति भई कामकाज गरी आएका देहायका कर्मचारीहरुको देहाय बमोजिम सेवा अवधि पुगेको हुँदा कार्यालयको सिफारिस र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (चौथो संशोधन, २०६६) को नियम २२५ग को उपनियम ३ ख र घ मा भएको व्यवस्था बमोजिम मिति २०७८।६।१ गते देखि लागु हुने गरी देहायका कर्मचारीहरुको देहाय बमोजिम स्तरवृद्धि गर्ने निर्णय गरियो ।

देहाय :

| सि.नं. | नाम थर | पद | नियुक्ति मिति | सेवा अवधि | साविकको स्तर | हाल कायम गरिएको स्तर |
|---|---|---|---|---|---|---|
| १ | जिबाखर अधिकारी | का.स. | २०६५।०३।२७ | १० | दोस्रो | तेस्रो |
| २ | दान प्रसाद उपाध्याय | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| ३ | ओम बहादुर गुरुङ्ग | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| ४ | मंगलराज शाक्य | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| ५ | शिव प्रसाद शर्मा | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| ६ | इन्द्र बहादुर कार्की | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| ७ | टुक बहादुर राना | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| ८ | दिपक राना | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| ९ | रन्जना सारु | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |
| १० | चन्द्र बहादुर क्षेत्री | का.स. | २०५८।०६।०१ | २० | चौथो | पाँचौ |

प्रस्ताव नं.८९.१३
UCLG-ASPAC-xi'an Tourism committee को सदस्यता लिनका लागि गरिएको पत्राचार अनुमोदन सम्वन्धमा ।
निर्णय नं.८९.१३
UCLG-ASPAC-xi'an Tourism committee को सदस्यता लिनका लागि xi'an City बाट यस बुटवल उपमहानगरपालिकालाई अनुरोध भई आए बमोजिम बुटवल उपमहानगरपालिका उल्लेखित Tourism committee को सदस्य हुन सहमत भई मिति २०७८।७।१ मा xi'an City लाई पत्राचार गरिएको हुँदा सो विषयलाई अनुमोदन गरियो ।
प्रस्ताव नं.८९.१४
लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित संशोधित बजेट तथा कार्यक्रम सम्वन्धमा ।
निर्णय नं.८९.१४
लुम्बिनी प्रदेश सरकारबाट आ.व. २०७८।०७९ का लागि स्वीकृत भई हस्तान्तरित एवं बुटवल उपमहानगरपालिकाको नवौं नगरसभाबाट समेत स्वीकृत भएका बजेट तथा कार्यक्रमहरु मध्ये देहाय बमोजिमका बजेट तथा कार्यक्रमहरु परिमार्जन भएको हुँदा ती परिमार्जित बजेट तथा कार्यक्रम आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**बुटवल उपमहानगरपालिकाको नवौं नगरसभामा समेत समावेश भएका योजना तथा कार्यक्रम मध्ये पछि प्रदेश सरकारबाट कट्टा गरिएका योजनाहरु :**

| | | |
|---|---|---|
| १. | मिलन चोक देखि सुन्दर चोक सडक निर्माण , वडा नं. ०८ | रु.५०,००,०००।- |
| २. | प्रगती मा.वि. खेल मैदान ,वडा नं. ११ | रु.५०,००,०००।- |
| ३. | मोतिपुर सिचाई कुला मर्मत, वडा नं. १७,१८ र १९ | रु.४०,००,०००।- |
| ४. | नयाँगाँउ मा.वि. भवन निर्माण, वडा नं. १२ | रु.२०,००,०००।- |
| | **जम्मा** | **रु.१,६०,००,०००।** |

**प्रदेश सभावाट मिति २०७८।०६।२० मा पारित (परिमार्जित) चालू आ.व. २०७८।०७९ को वार्षिक बजेट तथा कार्यक्रम मध्ये थप गरिएका योजनाहरु :**

| | |
|---|---|
| १.तिलगंगा पथ नाली निर्माण, वडा नं. १३ | रु.१०,००,०००।- |
| २.पूल्चोक लक्ष्मी नारायण मन्दिर हाताभित्र क्रियापुत्री भवन निर्माण ,वडा नं ३ | रु.२०,००,०००।- |
| ३.हात्तिसुढ पवित्रनगर माभ्कगाँउ हाईराईजरोड स्तरोन्नति, वडा नं. ११ | रु.२०,००,०००।- |
| ४.कालिका मानवज्ञान मा.वि छात्रावास भवनको तला थप , वडा नं १० | रु.१,००,००,०००।- |
| ५.प्रगती मा.वि.भवन निर्माण, वडा नं. ११ | रु.१०,००,०००।- |
| जम्मा | रु.१,६०,००,०००।- |

प्रस्ताव नं.८९.१५

अनुमोदन सम्वन्धमा ।

निर्णय नं.८९.१५

(क) बुटवल उपमहानगरपालिका वडा नं.१७ शिवनगरमा अवस्थित श्री मनकामना टोलको पूर्वतर्फ तिनाउ नदीले बस्ती कटान गरी क्षति पुऱ्याएकोले नदीको धार परिवर्तनका लागि निवेदन पेश भएकोमा जिल्ला विपद् व्यवस्थापन समितिबाट स्वीकृति लिई वडाको विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी नदीको धार परिवर्तन गर्ने निर्णय भएकोमा उक्त कार्य प्राविधिकको मूल्याङ्कनमा रु.३,१७,५१४।३३ खर्च भएको र सम्बन्धित वडाको विपद् व्यवस्थापन शीर्षकबाट जम्मा रु.१,००,०००।- मात्र भुक्तानी गर्ने र बाँकी रकम नगरपालिकाको विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानीका लागि माग गर्ने भनि वडाबाट भई आएको निर्णयका सम्बन्धमा मिति २०७८।०७।१२ मा बसेको CCMC को बैठकबाट समेत सिफारिस भई आएको हुँदा सोही बमोजिम रु.२,१७,५१४।३३ विपद् व्यवस्थापन कोषवाट भुक्तानी दिने निर्णय गरियो ।

(ख) बुटवल उपमहानगरपालिका वडा नं.३ ज्योतिनगरस्थित चुरे पहाड क्षेत्रमा गएको पहिरोका कारण भएको क्षति न्यूनीकरण तथा पहिरो सफा गर्ने जस्ता उद्धार कार्यमा एक्साभेटर, डोजर र टिपर लगायतका हेभी मेशिन उपकरणहरु प्रयोग एवं परिचालनमा भएको रु.१८,९८४००।- (अठार लाख अन्ठानब्बे हजार चार सय मात्र) खर्च अनुमोदन गरियो ।

प्रस्ताव नं.८९.१६ विविध ।

प्रस्ताव नं.८९.१६.१

लुम्बिनी बस टर्मिनल भित्र सानिसा अवधारणामा बहुतला पार्किङ्ग सहितको भवन निर्माण गर्ने सम्वन्धमा ।

निर्णय नं.८९.१६.१

बुटवल उपमहानगरपालिका वडा नं.९ स्थित हाल लुम्बिनी बस टर्मिनल रहेको कि.नं.५ को क्षेत्रफल २७८३.२० बर्ग मिटर जग्गामा बहुतला पार्किङ्ग सहितको एक बहुउद्देश्यीय भवन निर्माण गर्दा जग्गाको उपयोग र आम्दानी स्रोतको समेत सुनिश्चितता हुने भएको हुँदा सरोकारवाला पक्षहरु सहितको छलफल र मिति २०७८।७।११ को सार्वजनिक निजी साझेदारी समितिको सिफारिस समेतका आधारमा उक्त आयोजना सानिसा अवधारणा BooT Model मा निर्माण हुने गरी सूचना प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.८९.१६.२

टर्मिनल भवनको भाडा तय गर्ने संम्बन्धमा ।

निर्णय नं.८९.१६.२

यस बुटवल उपमहानगरपालिका वडा नं.९ स्थित नगरकार्यपालिकाको स्वामित्वमा रहेको टर्मिनल भवनमा मिति २०७८।९।१ गते देखि मासिक भाडा रु.१ लाख दिने सम्झौता भई राजश्व

अनुसन्धान विभाग राजश्व अनुसन्धान कार्यालयको कार्यालय संचालन भएकोमा उक्त भाडाको सम्झौता म्याद ०७८ असार मसान्तमा समाप्त भई सम्झौता नवीकरणका लागि राजश्व अनुसन्धान कार्यालय बुटवल रुपन्देहीको प.सं.०७८।०७९ च.नं.५२१ मिति २०७८।७।७ को पत्रबाट अनुरोध भई आएको हुँदा मासिक बहाल रु.१ लाख ४० हजार कायम गरी उक्त कार्यालयसँग २०७८ श्रावण महिना देखि नै लागु हुने गरी २०७९ आषाढ मसान्त सम्मका लागि सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१६.३**

असाधारण विदा सम्बन्धमा ।

**निर्णय नं.८९.१६.३**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाको अधिकृस्तर सातौं तहमा कार्यरत श्री उमादेवी थापाले घरायसी कारण दर्शाई मिति २०७८।९।१ गते देखि ०७९।८।३० सम्म बर्ष एकको असाधारण विदा माग गरेको हुँदा नियमानुसार निजको असाधारण विदा स्वीकृतिका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१६.४**

राजमार्ग चौराहदेखि योगीकुटी सम्मको हाइवे बत्तीको डिमान्ड चार्ज सम्बन्धमा ।

**निर्णय नं.८९.१६.४**

बुटवल उपमहानगरपालिकाको राजमार्ग चौराह देखि योगीकुटी सम्मको सडकमा हाइवे बत्तीको व्यवस्थापन गर्न आवश्यक भएको हुँदा डिमान्ड चार्जको लागि सहमति दिई सोको कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१६.५**

यात्रा संस्मरणको पुस्तिका छपाई खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.८९.१६.५**

यस बुटवल उपमहानगरपालिकाको जनप्रतिनिधि सहितको टोली मित्रराष्ट्र चीनको अध्ययन भ्रमणमा गएको र उक्त अध्ययनको सिलसिलामा यात्रा संस्मरण नामक पुस्तिका समेत प्रकाशित भएको हुँदा उक्त पुस्तिका प्रकाशन वापत भएको खर्च मध्ये रु.८०,०००।- भुक्तानी भएको हुँदा सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१६.६**

गौशालामा घास काट्ने मेशिन उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं.८९.१६.६**

देवदह नगरपालिका अन्तर्गत भलुहीमा गौशाला संचालनमा रहेको । गौशालामा बुटवल उपमहानगर समेतका क्षेत्रबाट विभिन्न कारणले जखामी परेका चौपायहरुको उद्धार र उपचार सहित पालनपोषण समेत हुने गरेको छ । यस उपमहानगरको समेत सहकार्य गरेको हुँदा उक्त गौशालालाई हाल एक घाँस काट्ने मेशिनको आवश्यकता भै माग भएको हुँदा गौशालामा रहेका चौपायहरुको आहारा व्यवस्थापनको वन्दोवस्त गर्ने प्रयोजनका लागि एउटा घाँस काट्ने मेशिन

खरिदका लागि रु.३,१५,००० (तीन लाख पन्ध्र हजार) सम्म सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१६.७**
सहयोग सम्बन्धमा ।
निर्णय नं.८९.१६.७
स्थानीय तहमा रहेका महिलाहरुको उद्यमशीलता मार्फत जीविकोपार्जन र आयस्रोत विकासका निम्ती सहयोग पुऱ्याउने उद्देश्यले संचालित महिला उद्यमशीलता प्रवर्धन नेपालको प.सं.०७८।०७९ च.नं. ३० मिति २०७८।६।६ को सहयोग सम्बन्धी पत्र प्रस्तुत भई छलफल भयो । उक्त प्रवर्धन केन्द्रले माग गरे बमोजिम कार्यालय संचालन तथा व्यवस्थापनका लागि रु.१ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१६.८**
ललितकला विषयको कक्षा व्यवस्थापन सम्बन्धी अवधारणापत्रको प्रस्ताव स्वीकृत सम्बन्धमा ।
निर्णय नं.८९.१६.८
बुटवल उपमहानगरपालिकामा ललितकला विषयको कक्षा व्यवस्थापन सम्बन्धी अवधारणापत्र तयार गर्नका लागि २ दिने कार्यशाला गोष्ठी संचालन गर्ने गरी प्रस्ताव पेश हुन आएको हुँदा उक्त कार्य नगरको लागि आवश्यक समेत भएकोले पेश हुन आएको प्रस्ताव परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८९.१६.९**
बिकासका लागि संचार अभियानको प्रस्ताव स्वीकृत सम्बन्धमा ।
निर्णय नं.८९.१६.९
बुटवल उपमहानगरपालिकाबाट सम्पादित एव कार्यान्वयन भएका काम कारवाही र गतिबिधिहरुका बारेमा आम नगरबासी तथा सरोकारवालाहरुलाइ जानकारी गराउदै सुचनाको पहुचलाइ अभिबृद्धि गर्दै बिकास निर्माणका प्रकृयामा नागरिकको सहभागितालाई प्रबर्धन गर्दै नागरिकका रचनात्मक तथा सिर्जनात्मक सुझाबहरुलाई ग्रहण गरी नागरिकको अपेक्षा अनुरुप उपमहानगरपालिकालाई अगाडि वढाउने उद्देश्यका साथ प्रस्तुत बिकाशका लागि संचार अभियान सम्वन्धी प्रस्ताव माथि छलफल गरियो । उक्त कार्यक्रम उपमहानगरपालिकाको लागि आवश्यक भएको हुंदा चालु आ.व.मा स्वीकृत विकासका लागि संचार अभियान शीर्षक र अन्य मिल्दा कार्यक्रमहरुलाई एकीकृत गरी दोहोरो नपर्ने व्यवस्था मिलाई प्रत्येक कार्यक्रमहरुको प्रस्ताव स्वीकृत गरेर मात्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।